# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


सामान्य प्रशासन निर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०७७/७८
च.नं. : ६१३

मितिः २०७८।०१।१९

विषय : सूचनाको हक कार्यान्वयनको प्रगति विवरण सम्वन्धमा ।

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा त्यस मन्त्रालयको च.नं. प्रेस २२/३३५ मिति २०७७।१२।३० को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

उक्त पत्रबाट माग भए अनुसार सूचनाको हक कार्यान्वयन सम्वन्धी प्रगति विवरण पाना-२ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

१।१९

(नेत्र प्रसाद पौडेल)
निर्देशक


Phone: 4258174, 4266934, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मिति : २०७८।०१।१९

## सूचनाको हक कार्यान्वयन सम्बन्धी त्रैमासिक प्रतिवेदन
## (२०७७ माघ १ देखि चैत्र ३१ सम्म)

१. **परीचयः** नेपालको संविधान, २०७२ को धारा २४१ अनुसार सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्ने गरेको छ ।

२. **लेखापरीक्षणको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि “जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रर्वद्धन गर्ने विश्वसनिय संस्था हुन प्रयत्नशील रहने” गन्तव्य “सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आस्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने” र मूल्यमान्यतामा “निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता, जवाफदेहिता” रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, कार्यविधी आदि रहेका छन् । यसका अतिरिक्त प्रचलित ऐन, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

४. **लेखापरीक्षण प्रकारः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तिय, कार्यमूलक र परीपालनाको लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण, विशेष लेखापरीक्षण लगायतका लेखापरीक्षण गर्दै आएको छ ।

५. **लेखापरीक्षण प्रक्रियाः** लेखापरीक्षण व्यवस्थापन गर्दा मुख्यतः लेखापरीक्षण योजना तर्जुमा, योजना कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण गर्ने कार्य गर्ने गरिन्छ । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ, बढी जोखिम भएका निकायका लागि विस्तृत लेखापरीक्षण र कम जोखिम भएका निकायको लागि संक्षिप्त कार्यविधीबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।

६. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्थाः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भएको छ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

७. **सूचना अधिकारी:** कार्यालयबाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको रुपमा निर्देशक श्री नेत्रप्रसाद पौडेल (फोन नं. ०१-४२६२७९८, मोवाइल नं. ९८५१११७५११ इमेल: dir.admin@oagnep.gov.np) लाई मिति २०७७।११।२६ मा नियुक्त गरिएको छ ।

८. **सूचना प्रवाहको माध्यम:** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेबसाइट (www.oag.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अर्न्तगत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ । सो बाहेक टेलिफोन/मोवाईलको माध्यामबाट पनि प्रत्यक्ष र तत्कालै जानकारी उपलब्ध गराउने गरिएको छ ।

९. यस त्रैमासिकमा कार्यालयको वेबसाईटको परिमार्जन गरी हालसम्मको वार्षिक प्रतिवेदन, स्थानीय निकाय र संस्थान संगठित संस्थाको वार्षिक प्रतिवेदनहरु वेबसाईट बाटै उपलब्ध हुने व्यवस्था मिलाईएको छ ।

१०. यस त्रैमासिकमा सूचनाको हक कार्यान्वयन तथा सूचना प्रवाह सम्बन्धमा देहाय कार्यहरु भएका छन ।

१०.१. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको अनुरोध वमोजिम National Risk Assessment Report Website मार्फत प्रकाशन गरेको ।

१०.२. नयाँ वेबसाईट प्रयोगमा ल्याई सूचनाहरु प्रवाह गर्ने कार्यलाई प्रभावकारी बनाईएको ।

१०.३. निवेदक शारदा भुसालले माग गरेको सूचना उपलब्ध गराईएको ।

१०.४. यस कार्यालय अन्तर्गत विभाग, महानिर्देशनालय, निर्देशनालय सम्बन्धी स्वीकृत कार्यविवरण वेबसाईट मार्फत सूचना प्रवाह गरिएको ।

१०.५. यस कार्यालयसँग सम्बन्धित नीति, योजनाहरु वेबसाईट मार्फत सूचना प्रवाह गरिएको ।

१०.६. लेखापरीक्षकहरुले पालना गर्नुपर्ने आचार संहिताका सम्बन्धमा सबै कर्मचारीलाई जानकारी गराईएको र वेबसाईटमा आचार संहिता अपलोड गरिएको छ ।

११. **निष्कर्ष:** जिम्मेवारी एवं जवाफदेहिताको प्रवर्द्धन गर्न पारदर्शिताको आवश्यक पर्ने र पारदर्शिताको मापन सूचना प्रवाहबाट गर्न सकिने भएकोले सूचना प्रवाहको भूमिका महत्वपूर्ण रहेको छ । सूचना प्रवाहले पारदर्शिता प्रवर्द्धन गर्दै जिम्मेवारी र जवाफदेहिता वहनमा सघाउ पुग्न गई कार्यालयको कार्य सञ्चालन स्तर वृद्धि हुने तर्फ कार्यालयले विशेष ध्यान दिदै आएको छ ।

(नेत्र प्रसाद पौडेल)
निर्देशक/सूचना अधिकारी